email : doad.p5@gmail.com
website:doad.lumbini.gov.np

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

# कृषि विकास निर्देशनालय

बुटवल

प.सः २०८२/८३ मितिः २०८२/१०/११

## प्रस्ताव आह्वानको पुनःसूचना

दोस्रो पटक प्रकाशित मिति २०८२/१०/११ सूचना नं.०२/२०८२/०८३

यस निर्देशनालयको चालु आ.व. २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार *कृषि बजारीकरण प्रवर्द्धन कार्यक्रम*मा सहभागी हुन इच्छुक कृषक समूह/कृषि सहकारी/कृषि बजार सञ्चालक समितिले सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन (मिति २०८२/१०/२५ गते) कार्यालय समय भित्र यस कृषि विकास निर्देशनालय, बुटवल वा सम्बन्धित जिल्लास्थित कृषि ज्ञान केन्द्र/ एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालयमा उल्लेखित कागजातहरु सहित प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीका लागि दोस्रो पटक पुनःसूचना प्रकाशन गरिएको छ। प्रस्तावका साथ पेश गर्नुपर्ने निवेदनको ढाँचा, व्यवसायिक योजना (प्रस्तावना फाराम), स्वघोषणा यस निर्देशनालयको वेवसाइट doad.lumbini.gov.np बाट प्राप्त गर्न सकिनेछ। थप जानकारीका लागि निर्देशनालयको सम्पर्क नम्बर ९८४९८६४६३४ मा सम्पर्क गर्न सकिनेछ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ।

तपसिलः

| क्र.सं. | कार्यक्रम | संचालन गर्न सकिने क्रियाकलापहरु | मापदण्ड | खर्च वा अनुदानको सीमा |
|---|---|---|---|---|
| १ | कृषि बजारीकरण प्रवर्द्धन कार्यक्रम | • बजार संरचना निर्माण/सुधार/स्तरोन्नती<br>• निर्मित बजारको हकमा बजार सूचनासंग सम्बन्धित क्रियाकलापहरु (बजार मूल्य डिस्प्ले/सूचना प्रवाह, डिजिटल भुक्तानी प्रणाली, बजार तथ्याङ्क व्यवस्थापन),<br>• निर्मित बजारहरुको हकमा बजार व्यवस्थापन सम्बन्धी संरचना निर्माण तथा मर्मत संभार, पोष्टहार्भेष्ट प्याकेजिङ्ग, भण्डारण, प्रशोधन तथा कृषि उपज बजारीकरणका लागि आवश्यक उपकरण तथा सामाग्री तथा अन्य आवश्यक सेवाहरु,<br>• कृषि बजारका प्रतिनिधिहरुलाई बजार सञ्चालन तथा व्यवस्थापनका | • कृषक समूह/कृषि सहकारी/बजार सञ्चालक समिति सहभागी हुन सक्ने,<br>• नयाँ हाट बजार निर्माणको हकमा पहाडी जिल्लाहरुमा न्यूनतम ३ रोपनी र तराईका जिल्लाहरुमा न्यूनतम ७ कठ्ठा क्षेत्रफल हुनुपर्ने,<br>• नयाँ बजार पूर्वाधार निर्माणको हकमा प्रस्तावक स्वयंको नाममा जग्गाको स्वामित्व हुनुपर्ने।<br>• प्रस्ताव पेश गर्दा सम्बन्धित स्थानीय तहको सिफारिश अनिवार्य पेश गर्नुपर्नेछ<br>• क्षमता अभिवृद्धी, स्तरोन्नती कार्यहरु, पोष्ट हार्भेष्ट प्याकेजिङ्ग, भण्डारण, प्रशोधन तथा कृषि उपज बजारीकरणका लागि आवश्यक उपकरण तथा सामाग्री सहयोग जस्ता क्रियाकलापहरु | • नयाँ हाट बजार निर्माणको हकमा कुल लागतको अधिकतम ७५ प्रतिशत वा १५ लाख मध्ये जुन कम हुन आउछ सो रकम अनुदान सहयोग।<br>• स्तरोन्नतीको हकमा कूल लागतको ७५ प्रतिशत वा सात लाखमध्ये जुन कम हुन आँउछ सो रकम अनुदान सहयोग।<br>• सञ्चालनमा रहेका बजारहरुलाई थप सूचना प्रविधिमैत्री वा पूर्वाधारयुक्त बनाउन आवश्यक पर्ने सामग्री वा उपकरण जडानको आवश्यकता कार्यालयले देखेमा प्रति बजार रु दुई लाख पचास हजार सम्म खर्च गर्न सकिने।<br>• नयाँ बजार संरचना निर्माण र स्तरोन्नती पश्चात पूरक कार्यक्रमको रुपमा कार्यालयले रु. दुई लाखमा नबढ्ने गरी पोष्ट हार्भेष्ट, बजारीकरणका लागि आवश्यक उपकरण तथा सामाग्री |



निमित्त महानिर्देशक

email : doad.p5@gmail.com
website:doad.lumbini.gov.np

प.सः २०८२/८३

मितिः २०८२/१०/११

| | | | | |
|---|---|---|---|---|
| | | लागि क्षमता अभिवृद्धी (गोष्ठी, कृषि उपज उत्पादक तथा खरीदकर्ता बीच भेटघाट, अन्तरक्रिया, भ्रमण, तालिम लगायत। | पुराना सञ्चालनमा रहेका बजारहरु/कृषि उपज बजारीकरण गरिरहेका कृषक समूह/कृषि सहकारीमा गरिने। | खरीद र रु. पच्चीस हजारमा नबढ्ने गरी क्षमता अभिवृद्धीसँग सम्बन्धित गोष्ठी, भ्रमण, तालिम लगायतका क्रियाकलापहरु लागत अनुमान स्वीकृत गरी सञ्चालन गर्न सक्ने। |

- ✓ **कार्यक्रम संचालन हुने क्षेत्र वा स्थानः** लुम्बिनी प्रदेशभर
- ✓ **आवदेकको किसिमः** कृषक समूह/ कृषि सहकारी/ बजार सञ्चालक समिति
- ✓ **आवेदन पेश गर्ने स्थानः** कृषि विकास निर्देशनालय, बुटवल वा सम्बन्धित जिल्लास्थित कृषि ज्ञान केन्द्र, नवलपरासी (ब.सु.प.), रुपन्देही, पाल्पा, कपिलवस्तु, अर्घाखाँची, गुल्मी, दाङ्ग, रोल्पा, बाँके वा एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालय प्यूठान, बर्दिया र रुकुम पूर्व।

**<u>प्रस्ताव साथ संलग्न गर्नुपर्ने कागजातहरुः</u>**

१. प्रस्तावकको निवेदन। (अनुसूची २३ बमोजिमको)
२. दर्ता/नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि (कृषक समूह/कृषि बजार संचालक समिति/कृषि सहकारी)
३. स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि।
४. परियोजनाको व्यावसायिक कार्ययोजना (अनुसूची- २४ को संलग्न प्रस्तावना ढाँचा बमोजिम)।
५. पहिले संचालनमा रहेका बजारको हकमा जग्गाको स्वामित्व आफ्नै भएकोमा जग्गाधनीपूर्जा प्रतिलिपी वा भाडामा लिएको जग्गाको हकमा सम्झौता पत्र र सम्बन्धित जग्गाको जग्गाधनी पुर्जाको प्रतिलिपी र सार्वजनिक जग्गा भएको भए सम्बन्धित निकायबाट भोगाधिकार दिएको पत्रको प्रतिलिपी समेत)
६. नयाँ हाट बजार निर्माणको हकमा निर्माण गरिने बजारको जग्गा आफ्नै नाममा रहेको जग्गाधनी पूर्जाको प्रतिलिपी
७. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र (कार्यपालिकाको कार्यालयको)।
८. दोहोरो अनुदान नलिएको स्वःघोषणा (अनुसूची- ३१ को संलग्न ढाँचा बमोजिम)।
९. प्रस्ताव पेश गर्न गरिएको निर्णयको प्रतिलिपि।
१०. प्रस्ताव पेश गर्न अख्तियारी दिईएको पत्र र अख्तियारी प्राप्त व्यक्तिको नागरिकता प्रमाणपत्रको प्रतिलिपी।
११. प्रस्तावक संस्था कालो सूचीमा नरहेको स्वःघोषणा (संलग्न ढाँचा बमोजिम)।
१२. प्रस्ताव पेश गरे पश्चात निर्देशनालयको प्रारम्भिक मूल्याङ्कनमा उपयुक्त देखिएका प्रस्तावकहरुले पूर्वाधार निर्माणको हकमा विस्तृत लागत अनुमान, डिजाईन साथै खरिद गरिनुपर्ने मेशिनरी सामग्रीको स्पेकिफिकेशन पेश गर्नुपर्नेछ।

पुनश्चः कार्यक्रम संचालन कार्यविधिमा कुनै किसिमको संशोधन वा मन्त्रालयको कुनै निर्देशन भएमा सोही बमोजिम हुनेछ।

..............................
(रामप्रसाद पाण्डे)
नि.महानिर्देशक